पुनर्वास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पुनर्वास, कञ्चनपुर
७ नं.प्रदेश,नेपाल
स्थापित-२०७३

(प्रथम पटक प्रकाशित मितिः-२०७५/३/२०)

## विषयः–आई.वी.आर.डी.हाट बजारमा कर उठाउने सम्बन्धि सुचना ।

स्थानीय तह संचालन ऐन, २०७४ बमोजिम यस पुनर्वास नगरपालिका अन्तर्गत वडा नं.३, कालिका आई.वी.आर.डी.वजार मा लाग्ने हाट वजारबाट कर उठाउने सम्बन्धी ठेक्का आ.व.२०७५/०७६ का लागि गोप्य सिलवन्दी निवेदन दिनु पर्ने भएकोले ईच्छुक नेपाली नागरिक/संघ/संस्था/फर्महरुले तपसिलको शर्तहरु लागु हुने गरि ठेक्कामा भाग लिन हुन यो ७ (सात) दिनको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. गोप्य सिलवन्दी कागजात खरिद गर्नु पर्ने अन्तिम मिति २०७५/०३/२६ गते कार्यालय समय भित्र खरिद गरि सक्नु पर्ने छ ।

२. गोप्य सिलवन्दी निवेदन मिति २०७५/३/२७ गते दिउसो १२:०० वजे भित्र निवेदन दर्ता गराउनु पर्ने छ, सोही दिनको २:०० वजे निवेदकहरु र कार्यालयका प्रतिनिधीहरुको रोहबरमा नगरपालिकामा सिलवन्दी कागजात खोलिने छ ।

३. निवेदन दस्तुर रु.१,०००।-(एक हजार मात्र)फिर्ता नहुने गरि नगद वा न.पा.संचित कोष खाता नं.४२१०३०४०१८१०२ मा दाखिला गर्नु पर्ने छ ।

४. ठेक्काको न्यूनतम रकम अंक :-कालिका आई.वी.आर.डी.हाट बजारको रु.१,४०,०००।-बाट वढावढ हुनेछ ।

५.ठेक्का सदर भएपछि २०७५ सालको असार मसान्त भित्र ५० प्रतिशत रकम जम्मा गरि कार्यादेश लिनु पर्नेछ र बाँकी रहेको रकम ३०प्रतिशत २०७५ सालको पौष मसान्त भित्र र २० % चैत्र मसान्त भित्र जम्मा गर्नु पर्ने छ, अन्यथा ठेक्का बदर गरिने छ ।

६.गोप्य शिलवन्दी निवेदनमा न्यूनतम अंकको १० प्रतिशत रकम नगद वा न.पा.धरौटी खाता नं.४२१०३०३००७१०२ मा धरौटी वापत जम्मा गर्नु पर्ने छ ।

७. गोप्य शिलवन्दी निवेदन खोल्ने समयमा ठेकेदार स्वंयम उपस्थित हुनु पर्ने छ, तर उपस्थित नभएमा पनि खोल्न वाधा पर्ने छैन ।

८. हाट वजारमा उठाईने कर उल्लेख गरि ठेकेदार स्वयंले नगदी रसिदको व्यवस्था गरि न.पा.वाट प्रमाणित गराई नियमानुसार कर संकलन गर्नु पर्नेछ ।

९. हाट वजार क्षेत्रको सरसफाई प्रत्येक हप्ता अर्थात वजार लागेको भोलिपल्ट ठेकेदारले आफ्नै लगानीमा गर्नु पर्नेछ ।

१०. नेपाल सरकार र नगरपालिकामा कुने वक्यौता रकम तिर्न, वुफाउन वांकी नरहेको तथा कालो सूचिमा नपरेको भनि स्वघोषणा पत्र पेश गर्नु पर्ने छ ।

११. यसमा परेको शर्तहरु यसै बमोजिम र नपरेका विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१२. विस्तृत जानकारीका लागि नगरपालिका कार्यालयमा बा फोन नं.०९९-४२००५४मा सम्पर्क राख्न सकिने छ ।

०७५/०३/२०

प्रेम बहादुर सिंह
प्रशासकीय अधिकृत